# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल


प.सं. ०८१/८२ (प्रशासन शाखा)

च.नं.

मिति: २०८१/०८/०९

## गुनासो सुनुवाई अधिकारी नियुक्तिका लागि निवेदन पेश गर्ने सम्बन्धि सूचना

प्रस्तुत सम्बन्धमा नेपाल सरकारबाट स्वीकृत गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण (पहिलो संशोधन सहित) निर्देशिका २०७५ बमोजिम यस नगरपालिकाबाट आर्थिक वर्ष २०७७/ ०७८ मा सङ्कलित तथ्याङ्कबाट प्राप्त नतिजा उपर गुनासो सुनुवाई गर्ने कार्यका लागि बढीमा २ महिनाका लागि २ जना गुनासो सुनुवाई अधिकारी नियुक्ति गर्नुपर्ने भएको हुँदा उक्त कार्यक्रम अन्तर्गत साविकमा यस नगरपालिकामा सुपरीवेक्षक तथा गणकको रुपमा काम गर्नु भएका इच्छुक गणक तथा सुपरीवेक्षकहरुबाट ७ दिन भित्र यस कार्यालयको प्रशासन शाखामा निवेदन दिनुहुन सूचित गरिन्छ ।

नोटः

१. २ भन्दा बढी आवेदन परेमा अन्तर्वार्ताका माध्यमबाट छनौट गरिनेछ ।उक्त सूचिबाट आवेदन नपरेमा खुला सूचना मार्फत दरखास्त आह्वान गरिनेछ ।

२. छनौट हुने गुनासो सुनुवाई अधिकारीको पारिश्रमिक राजपत्र अनंकित प्रथम श्रेणीको कर्मचारीको आधारभुत पारिश्रमिक बराबर हुनेछ ।अन्य सुविधा निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।


फोन नं : ०२३-५९७००२/०२३- ४६५५०२

इमेलः arjundharamun@gmail.com/ info@arjundharamu.gov.np

वेबसाइटः www.arjundharamun.gov.np